# तपाईंको बालकको ईन्टरनेटमा गर्ने जोखिमपूर्ण व्यवहार रोक्न के गर्नु पर्छ?

- कुराकनी गर्नु होला र ईन्टरनेटमा भएका खतराको बारे तपाईंको बालक सँग कुरा गर्नु होला।
- तपाईंको बालकसँग ईन्टरनेटमा समय बिताउनु होला। उनिहरुलाई सब्बै भन्दा मन पर्ने ईन्टरनेट साइट देखाउन लगाउनु होला।
- तपाईंको कम्प्युटर घरको सामान्य कोठामा राख्नु होला र बालकको सुत्ने कोठामा नराख्नु होला।
- तपाईंको ईन्टरनेट सेवा प्रदानकर्ताले प्रदान गर्ने नियन्त्रण र रोक्ने सफ्टवेर चलाऊनु होला। च्याट रूमहरुको प्रयोगको मुल्याङ्कन गर्नु पर्ने हुन्छ। आमा बुवाहरुले यि औजारहरु प्रयोग गरेता पनि यि औजारहरुमा पूर्ण रुपमा भर नराख्नु होला।
- तपाईंको बालकको ईन्टरनेटका अकाउन्टहरु सधैं जाँच गर्न मिल्ने बनाउनु होस् र अनिमियत रुपमा ईमेल जाँच्नु होस्। तपाईंको बालकलाई हुलाक द्वारा पनि संपर्क गर्न सकिन्छ। तपाईंको बालकलाई तपाईंले जाँच्नु भएको कारण भन्नु होस्।
- तपाईंको बालकलाई ईन्टरनेटमा प्राप्त गर्न मिल्ने सहयोग सामाग्रीको बारे सिकाउनु होला।
- तपाईंको बालकको बिद्यालयमा, सार्वजनिक पुस्तकालयमा र बालकको साथीहरुको घरमा प्रयोग गर्ने सुरक्षा औजारहरुको बारे खोज गर्नु होला। यि ठाउँहरुमा तपाईंको बालकले तपाईंको सुपरिवेक्षण भन्दा बाहिर ईन्टरनेटको सिकारी भेट्न सक्ने छन्।
- तपाईंको बालकले कुनै पनि यौन शोषणमा भाग लिन इच्छुक भएता पनि ऊदोशी होइन र पीडित हो भनेर बुझ्नु होस्। शोषण गर्ने व्यक्ति पूर्ण रुपमा आफ्नो कृयाको जिम्मेवारी हुन्छ।
- तपाईंको बालकलाई निर्देशन दिनु होला:
    - ईन्टरनेटमा भेटेको व्यक्तिलाई व्यक्तिगत रुपमा कहिले पनि नभेट्ने;
    - आफुले नचिन्ने व्यक्तिलाई ईन्टरनेटमा आफ्नो फोटो नदिने वा अप्लोड नगर्ने;
    - कहिले पनि नाम, घरको ठेगाना, बिद्यालयको नाम वा फोन नम्बर जस्तो आफुलाई चिन्ने जानकारी नदिनु होला;
    - थाहा नभएको श्रोतबाट फोटोहरु दाउनलोड नगर्नु होला किन भने यि फोटोहरु यौन स्पष्ठ हुन सक्छ।;
    - मेसेज बोर्ड वा बुलेटिन बोर्डमा भएका बिचाररोत्जक, अश्लील, आक्रोशित वा दुर्व्येवहार भएका सन्देशहरु प्रतिक्रिया नगर्नु होला;
    - अन्लाईन भनिएका सम्पूर्ण कुराहरु सही हुँदैन।